नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

फोन नं.
४२००४६०
४२००२८७

प.सं. २०७३/०७४

मिति २०७३।१२।०१

च.न २२६.

श्री जिल्ला समन्वय समितिको कार्यालय (७५)
श्री स्थानीय तह ७४४
.......... ।

विषय — आर्थिक कारोबार खाता बन्दी तथा नयाँ खाता सञ्चालन सम्बन्धमा

नेपाल सरकार (मन्त्रिपरिषद्) मिति २०७३।११।९ को निर्णयबाट स्वीकृत स्थानीय तहको शासन सञ्चालन सम्बन्धमा जारी भएको आदेश एबं मिति २०७३।११।२२ को नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयानुसार नेपालको संविधानको भाग ५ मा ब्यवस्था भए बमोजिम राज्यको पुनसंरचना गर्ने क्रममा ७४४ वटा स्थानीय तह (४-महानगरपालिका, १३-उप-महानगरपालिका,२४६ नगरपालिका र ४८१ गाउँपालिकाहरु) घोषणा भै नेपाल राजपत्रमा प्रकाशित भै स्थानीय तहको कार्य शुरु भैसकेको ब्यहोरा अगवत भएकै हुनु पर्दछ ।उक्त निर्णयको खण्ड ग (आर्थिक प्रशासन सम्बन्धी परिच्छेद) मा ब्यवस्था भएका बुँदाहरुमा निम्न कुरा प्रष्ट गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन अनुरोध छ ।

१. साविक जिल्ला विकास समिति, नगरपालिका तथा गाउँ विकास समितिको नामबाट सञ्चालन हुँदै आएका आम्दानी तथा कोष खाता, खर्च खाता (चालू तथा पूँजिगत) विशेष कोष तथा धरौटी खाताहरु बन्द गरी क्रमश जिल्ला समन्वय समिति, नगरपालिका तथा गाउँपालिकाको नाममा साविक ब्यवस्था बमोजिम नयाँ खाता खोली सञ्चालनमा ल्याउने ।

२. यस चालू आर्थिक बर्षमा बाँकी रहेका बजेट तथा कार्यक्रम सञ्चालन गर्न सुविधाका लागि बडा कार्यालयमा अख्तियारी प्रदान गर्नु पर्ने भएमा बडा सचिव र लेखा वा प्रशासन सहायकको नामबाट सञ्चालन गर्ने ।

३. साविकका गाउँ विकास समिति र नगरपालिकाका केही बडाहरु अन्यत्र गाभिएका भए गाभिएका बडाहरुको हकमा २०७४ असार मसान्तसम्मको लागि बाँकी कार्यक्रम र बजेट जेष्ठ नागरिक दीर्घ सेवा सम्मान र सामाजिक सुरक्षा कार्यक्रम जस्ता सालबसाली कार्यक्रम र बजेट गाभिएको गाउँपालिका र नगरपालिकामा हस्तान्तरण तथा बरबुझारथ गर्ने तथा उक्त गाउँपालिका वा नगरपालिकाले तोके बमोजिम आर्थिक कारोबार सञ्चालन गर्ने ।

४. साविक जिल्ला विकास समिति, नगरपालिका तथा गाउँ विकास समितिबाट नेपाल सरकार तथा दातृ निकायको सहयोगमा सञ्चालित बहुबर्षीय योजना तथा कार्यक्रमको हकमा यस आ ब २०७३।७४ को अबधिभर सम्बन्धित जिल्ला समन्वय समिति, नगरपालिका तथा गाउँपालिकाले निरन्तरता दिने ।

५. तत्कालीन जिल्ला विकास समिति, नगरपालिका तथा गाउँ विकास समितिको नाममा मिति २०७३।११।२७ सम्म कायम रहेको श्रेस्ता तथा आर्थिक कारोबारको साविक बमोजिमको आन्तरिक लेखापरीक्षकबाट आन्तरिक लेखापरीक्षण गराई आर्थिक विवरण प्रमाणित गरी श्रेस्ता अन्तिम लेखापरीक्षणको लागि तयारी अबस्थामा राख्ने ब्यवस्था मिलाउने । यसपछिको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण साविक बमोजिम नै आन्तरिक लेखापरीक्षकबाट गर्ने ब्यवस्था मिलाउने ।

६. नगरपालिका, गाउँपालिका तथा जिल्ला विकास समितिको खाताबन्दी गरिएपछि मिति २०७३।११।२७ सम्ममा काटिएका तर भुक्तानी नभएका सबै चेकहरुको विवरण जिल्ला समन्वय समिति तथा सम्बन्धित कोष तथा लेखा

केदार बहादुर अधिकारी
सचिव

नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

फोन नं.
४२००४६०
४२००२८७

प.सं. २०७३/०७४

मिति २०७३।१२।०१

च.न ..........

नियन्त्रक कार्यालयमा पठाइ खाता रहेको बैकलाई बोधार्थ दिने । यस सम्बन्धमा जिल्ला समन्वय समिति र कोष तथा लेखा नियन्त्रक कार्यालबाट अनुगमन हुने ।

७. स्थानीय तहको शासन संचालन सम्बन्धमा जारी गरिएको आदेश २०७३ अनुसार आर्थिक कारोबार बन्द गर्दा साविक आर्थिक बर्षमा खाताबन्दी गरे झै ग २ समूहका खर्च खाता शून्य गरी नयाँ खोलिएका सम्बन्धित सञ्चित कोष खातामा ट्रान्सफर गर्ने । साविकका जिल्ला विकास समिति, नगरपालिका तथा गाउँ विकास समितिको नाममा रहेका बैङ्क खातामा रहेको रकम र कार्यालयको श्रेस्तामा रहेको रकम अनिबार्यरुपमा बैक हिसावमिलान (बैक रिकन्सिलेसन) गरी बरबुझारथ गर्ने गराउने ।

८. खाता खोल्ने, बन्द गर्ने, हिसावमिलान तथा समायोजन गर्ने सम्बन्धमा सम्वन्धित जिल्लास्थित जिल्ला समन्वय समितिको कार्यालयले समन्वय गर्ने र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट यसको अनुगमन गर्ने ।

९. सम्वन्धित गाउँपालिका र नगरपालिकाको आर्थिक कारोबार गर्न बैक नभएको अबस्थामा सम्बन्धित जिल्ला भित्रको पायक पर्ने स्थानमा रहेको नेपाल राष्ट्र बैकबाट सरकारी कारोबार गर्न स्वीकृति लिएका क, ख र ग बर्गका बैक तथा वित्तीय संस्थाबाट आर्थिक कारोबार सञ्चालन गर्ने ब्यवस्था मिलाउने ।

१०. साविकका जिल्ला विकास समिति तथा नगरपालिका र गाउँ विकास समितिमा रहेका सञ्चित कोष खाता, खर्च खाता, विशेष कोष एबं धरौटी लगायतका खाताहरु पूर्बवत रुपमा ग ४ समूह कै नामबाट सञ्चालन गर्ने । नयाँ स्थापना भएका नगरपालिका र गाउँपालिकाको हकमा पनि सोही बमोजिम ग ४ समूहमा व्यवस्था भए अनुरुपको सञ्चित कोष खाता, खर्च खाता तथा विशेष कोष लगायतका खाता खोल्ने ब्यवस्था मिलाउने ।

११. यस आर्थिक बर्षसम्म साविक जिल्ला विकास समितिको आन्तरिक आम्दानीको संकलन जिल्ला समन्वय समितिले यथावत रुपमा गरी पूर्बवत रुपमा नै बाँडफाँड गरी नगरपालिका तथा गाउँपालिकालाई उपलब्ध गराउने ।

१२. साविक जिल्ला विकास समिति, नगरपालिका तथा गाउँपालिकाको नाममा रहेका आम्दानी तथा खर्च खाताहरुमा रहेका मौज्दात रकमको अनिबार्य रुपमा बैकसँग हिसावमिलान गरेर मात्र नयाँ खोलिने सञ्चित कोष खातामा मौज्दात रकम सार्ने । यसको समन्वय जिल्ला समन्वय समितिले गर्ने र अनुगमन सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयले गर्ने ब्यवस्था मिलाइएको छ।

१३. साविक जिल्ला विकास समिति, नगरपालिका तथा गाउँ विकास समितिको नाममा रहेका विशेष कोष जस्तै कर्मचारी कल्याण कोष, मर्मत संभार कोष लगायत विभिन्न खाताहरुमा रहेको अन्तिम मौज्दात रकम कार्यालयको श्रेस्तासँग बैक हिसावमिलान गरी तत्काल नयाँ खातामा सार्ने ब्यवस्था मिलाउने । सो को विवरण संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको आर्थिक प्रशासन शाखामा र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउने । यसको समन्वय जिल्ला समन्वय समितिले गर्ने र अनुगमन सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयले गर्ने ब्यवस्था मिलाइएको छ ।

१४. जिल्ला विकास समितिमा लेखाङ्कनको लागि प्रयोगमा रहेको DDCFAMP सफ्टवेयर सिष्टम मिति २०७३।११।२७ पछि नयाँ DCCFAMP नामको सफ्टवेयरबाट सञ्चालनमा ल्याउने । त्यस अनुसारको आवश्यक सिष्टम मन्त्रालयले बनाई तत्काल जिल्ला समन्वय समितिलाई उपलब्ध गराउने ब्यवस्था मिलाइएको छ ।

१५. साविक जिल्ला विकास समिति, नगरपालिका तथा गाउँ विकास समितिको चालू आर्थिक बर्षको बजेट तथा कार्यक्रममध्ये हालसम्म भएको खर्चको बजेट उपशीर्षकगत रुपमा खर्च शीर्षक र योजना कार्यक्रम खुल्ने गरी

केदार ... अधिकारी
सचिव

नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

फोन नं.
४२००४६०
४२००२८७

प.सं. २०७३/०७४

मिति २०७३।१२।०१

च.न ..........

बार्षिक विनियोजन, हालसम्मको खर्च र बाँकी बजेट खुल्ने विवरण तयार गर्ने र यस विवरणलाई आधार मानी बाँकी बजेटलाई नै जिल्ला समन्वय समिति, नगरपालिका तथा गाउँपालिकाको शुरु बार्षिक बजेट कायम गरी आर्थिक कारोबार सञ्चालन गर्ने ।

१६. साविक जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समितिको विभिन्न बजेट उपशीर्षकमा स्वीकृत बजेट मध्ये निकासा भइ बाँकी रहेको बजेट नै जिल्ला समन्वय समिति, नगरपालिका तथा गाउँ विकास समितिको बाँकी अवधिको लागि सम्बन्धित बजेट उपशीर्षक र खर्च शीर्षकको बार्षिक बजेट हुने भएकोले बाँकी बजेटलाई नै अख्तियारी कायम गरी निकासा गर्ने । यस कार्यको अनुगमन सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले गर्ने ।

१७. साविक जिल्ला विकास समिति, नगरपालिका तथा गाउँ विकास समितिको नाममा रहेको पेश्की, सबै प्रकारको बेरुजू, चलअचल सम्पत्ति तथा अन्य दायित्व जिल्ला समन्वय समिति, नगरपालिका तथा गाउँपालिकामा स्वत: हस्तास्तरण हुने हुँदा अद्यावधिक लगत सहित बरबुझारथ गर्ने व्यवस्था मिलाउने ।

१८. खरिद व्यवस्थापन सम्बन्धमा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ अनुसार काम कारबाही गर्ने ।

१९. साविक जिल्ला विकास समिति, नगरपालिका तथा गाउँ विकास समितिले संकलन गर्दै आएको राजस्व व्यवस्थापन तथा ठेक्का पट्टा तथा अन्य आर्थिक प्रशासनको विधि सम्बन्धमा स्थानीय तहको शासन सञ्चालन सम्बन्धमा जारी गरिएको आदेश २०७३ को बुँदा नम्बर ५१ अनुरुप अर्को नीतिगत व्यवस्था नभएसम्म साविक बमोजिम सञ्चालन गर्ने ।

केदार बहादुर अधिकारी
सचिव

केदार बहादुर अधिकारी
सचिव